"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

चौमासिक बुलेटिन | वर्ष २ | अंक १ | ( २०७८ श्रावण-कार्तिक )

## प्रतिष्ठान तर्फका गतिविधिहरू

### यस अङ्कमा......


- सेवाकालीन तालिम सञ्चालन
- स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन सम्बन्धी अनुशिक्षण
- कार्यकारी समितिको बैठक
- प्रतिष्ठानको भवन निर्माणको प्रगति
- आइ.एस.ओ. सम्बन्धी अभिमुखीकरण
- लैससास परीक्षण (GESI Audit)
- विद्युतीय सरकारी खरिद सम्बन्धी तालिम
- स्थानीय तहका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम


### मुख्यमन्त्री समक्ष प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन पेस



गत आ.व. २०७७/७८ मा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा सम्पन्न गरिएका कार्यक्रम तथा वित्तीय प्रगति समावेश गरिएको "वार्षिक प्रगति प्रतिवेदन २०७७/७८" प्रकाशन गरी २०७८ साउन २४ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलज्यू समक्ष पेस गरिएको छ। प्रतिवेदनमा प्रतिष्ठानको चालु आ.व. २०७८/७९ को वार्षिक योजना तथा बजेटका साथै प्रतिष्ठानको संक्षिप्त परिचय, सोंच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्षेत्र, प्रतिष्ठानको प्रशिक्षण र अनुसन्धान व्यवस्थापन नीति समेत उल्लेख गरिएको छ। उक्त प्रतिवेदन हस्तान्तरण समारोहमा प्रदेश सरकारका प्रमुख सचिव डा. दामोदर रेग्मी, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष डा. रघुराज काफ्ले लगायतको उपस्थिति रहेको थियो। उक्त प्रतिवेदनको विद्युतीय प्रति (इ-कपी) प्रतिष्ठानको वेवसाइट www.gpta.org.np मा समेत राखिएको छ।

### सेवाकालीन तालिम सञ्चालन




प्रतिष्ठानको चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघ, प्रदेश र स्थानीय तहमा कार्यरत राजपत्र अनङ्कित प्रथम तथा द्वितीय श्रेणी एवम् सहायकस्तर चौथौं तथा पाँचौं तहका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले **कार्यालय सञ्चालन तथा व्यवस्थापन** विषयक ३० कार्यदिने सेवाकालीन तालिम पहिलो चरणमा कार्तिक २८ गते देखि सञ्चालन भइरहेको छ। प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलज्यूबाट कार्तिक २८ गते एक समारोहका बीच सो कार्यक्रमको समुद्घाटन भएको थियो। प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता श्री रोहित राज बास्तोला, माननीय मुख्यमन्त्रीका राजतीनिक सल्लाहकार श्री खड्ग बहादुर कुमाल लगायतको उपस्थिति रहेको थियो। दुई समूहमा सञ्चालन भइरहेको यस तालिममा संघ, प्रदेश स्थानीय तहका जम्मा ५९ जना कर्मचारीहरूको सहभागिता रहेको छ। सहभागीहरू मध्ये १९ जना महिला कर्मचारीहरू रहेका छन्। तालिम विभिन्न १० वटा विषयगत मोड्युलहरूमा जम्मा १२० सत्र (अर्थात् १८० घण्टा) सञ्चालन हुनेछ। तालिममा कक्षाकोठाको प्रशिक्षण, आन्तरिक मूल्याङ्कन, स्थलगत कार्यात्मक अनुसन्धान, प्रतिवेदन लेखन र प्रस्तुतीकरण, संस्थागत सुधार कार्ययोजना तयार जस्ता सैद्धान्तिक तथा व्यवहारिक विधिहरू अबलम्वन गरिन्छ भने विषयगत परीक्षा सञ्चालन मार्फत सहभागीहरूको सिकाइको मूल्याङ्कन गरी सहभागीहरूलाई प्रमाण पत्र प्रदान गरी दीक्षित गरिनेछ। यो तालिम सम्पन्न भएपश्चात् अर्को चरणमा २ समूहका ६० जना कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने योजना रहेको छ।

## कार्यकारी समितिको बैठक सम्पन्न

प्रतिष्ठानको उद्देश्य तथा नीति अनुरूप प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रूपले सञ्चालन गर्न गठित कार्यकारी समितिको तीन वटा बैठकहरू क्रमशः असोज १८, कार्तिक १५ र मंसिर ३ गते सम्पन्न भएका छन् । यी बैठकहरूमा प्रतिष्ठानका कार्यक्रम तथा गतिविधिका बारेमा छलफल हुनुका साथै प्रतिष्ठानको कर्मचारी सेवा-शर्त सम्बन्धी विनियमको मस्यौदा माथि छलफल गरी अन्तिम रूप दिइएको छ ।

## प्रतिष्ठानको भवन निर्माण



प्रतिष्ठानको प्रस्तावित भवन


प्रतिष्ठानको निर्माणाधिन भवन

२०७७ साल फागुन १७ गते निर्वतमान प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीबाट शिल्यान्यास भएको प्रतिष्ठानको भवनको निर्माण कार्य भई रहेको छ । हाल उक्त भवनको जगको काम सम्पन्न भई भूँईतलाको काम भइरहेको छ । भूँईतला सहित चार तले उक्त बहु-उद्देश्यीय भवनमा बैठक कक्ष, तालिम हल, सभा हल, चमेनागृह, अनुसन्धान कक्ष र भवन परिसरमा पार्किङ समेतको व्यवस्था हुनेछ । प्रतिष्ठानलाई प्रदेश सरकारको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) को रूपमा अगाडि बढाउने लक्ष्य अनुसार यो भवन निर्माण भएको हो ।

## वृक्षारोपण कार्यक्रम सम्पन्न



अठारौं निजामती दिवसको अवसरमा २०७८ साल भदौ २२ गते प्रतिष्ठानको परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न भयो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको उपस्थिति तथा सहभागितामा भएको सो कार्यक्रममा कर्मचारीहरूद्वारा ५ दर्जन भन्दा बढि विभिन्न जातका वनजन्य तथा फलफूलका बिरुवाहरू रोपिएको थियो । प्रतिष्ठान परिसरलाई हरियाली र स्वच्छ बनाउन टेवा पुऱ्याउने उद्देश्यले वृक्षारोपण गरिएको हो ।

## क्षमता विकास तालिम सम्पन्न



गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाका सबै स्थानीय तहमा कार्यरत इन्जिनियरिङ सेवाका नव प्रवेशी कर्मचारीहरूका लागि क्षमता विकास तालिम कार्यक्रम कार्तिक १३ देखि १७ सम्म गोरखा जिल्लाको सदरमुकाम गोरखा बजारमा सम्पन्न भयो । कार्यक्रममा गोरखा जिल्लाका स्थानीय तहमा कार्यरत इन्जिनियर, सव-इन्जिनियर तथा असिस्टेन्ट इन्जिनियर गरी कूल ३८ जनाको सहभागिता रहेको थियो । पाँच दिनसम्म सञ्चालित उक्त तालिममा विशेष गरी फिल्डस्तरमा इन्जिनियरिङ क्षेत्रमा कार्य गर्दा अपनाउनु पर्ने प्राविधिक तथा सरकारी खरिद प्रक्रियाका बारेमा जोड दिइएको थियो ।

## आइ.एस.ओ. प्रमाणिकरण सम्बन्धी अभिमुखीकरण सम्पन्न




यहि असोज १५ गते प्रतिष्ठानका कर्मचारीहरूका लागि आइ.एस.ओ. प्रमाणिकरण सम्बन्धी अभिमुखीकरण सम्पन्न भयो । प्रतिष्ठानले आइ.एस.ओ. प्रमाणिकरणको लागि आवश्यक सम्पूर्ण कार्यविधि, अभिलेख, कागजात र संस्थागत प्रणालीको सुनिश्चितता गरी परीक्षण कार्य सम्पन्न गराई यसै आ.व. भित्र गुणस्तर प्रमाणपत्र लिने लक्ष्य राखे बमोजिमप्रतिष्ठानका कर्मचारीहरूका लागि यो अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षण तथा अन्य सेवा प्रदान गर्दा सुनिश्चित गर्नुपर्ने गुणस्तर तथा मापदण्डका विधि, प्रक्रिया र आधारहरू सम्बन्धी आवश्यक कार्यविधिहरूको मस्यौदा तयार गर्ने कार्य भइरहेको छ ।

## कार्यालय व्यवस्थापन

प्रतिष्ठानको कार्यालय मर्मत-सम्भार गरिनुका साथै तालिम हलहरूमा कम्प्यूटर, प्रोजेक्टर, स्क्रिन, पि.ए. सिस्टम आदि जडान गरी व्यवस्थित गरिएको छ । यसका साथै प्रतिष्ठानको कार्यालय भवन परिसरको मर्मत-संभार र सौन्दर्यकरणको कार्यलाई निरन्तरता दिइएको छ । कार्यालयलाई आवश्यक पर्ने कम्प्यूटर, प्रिन्टर लगायतका उपकरण एवम् सरसामग्रीहरू खरिद गरिएको छ भने जिर्ण भवनका अव्यवस्थित विद्युतीकरणको मर्मत एवम् टेलिफोन र इन्टरनेट सञ्जाललाई समेत मर्मत-सुधार गरी कार्यालय व्यवस्थापनको कार्य सम्पन्न भएको छ ।



# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) तर्फका गतिविधिहरू

## स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अन्तरक्रिया सम्पन्न




गण्डकी प्रदेशका सबै ८५ स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र ११ वटै जिल्लाका जिल्ला समन्वय अधिकारीहरूको सहभागितामा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को अवधारणा, गत वर्षको नतिजा र सोको समीक्षा सम्बन्धी एक दिने अन्तरक्रिया कार्यक्रम भाद्र ३ गते पोखरामा सम्पन्न भएको छ। सो कार्यक्रममा सहभागीहरूलाई LISA को आवश्यकता, औचित्य, महत्व, कार्यान्वयन प्रक्रिया आदि बारेमा जानकारी गराउनुका साथै गत आ.व.मा सम्पन्न स्वमूल्याङ्कनको अवस्था, समीक्षा र समस्या एवं सवालहरूको बारेमा छलफल एवं अन्तरक्रिया गरिएको थियो। स्वमूल्याङ्कनलाई चालु आ.व. देखि अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउन आवश्यक भूमिका खेल्न सहभागीहरूलाई प्रोत्साहन गर्नुका साथै उनीहरूबाट सामूहिक रूपमा प्रतिवद्धता समेत जनाइएको थियो। गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, मुख्य न्यायधिवक्ता, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका राष्ट्रिय निर्देशक तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ताबाट शुभकामना एवम् सहजिकरण भएको थियो।

## लैंगिक उत्तरदायी बजेट सम्बन्धी प्रशिक्षक प्रशिक्षण (GRB TOT) सम्पन्न



स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी दुईदिने प्रशिक्षक प्रशिक्षण असोज १८ र १९ गते प्रतिष्ठानमा सम्पन्न भयो। उक्त प्रशिक्षणमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका सामाजिक विकास अधिकृत, जिल्ला समन्वय समितिका अधिकृत, नगरपालिकाका महिला तथा बालबालिका शाखाका कर्मचारीहरू र प्रतिष्ठानको रोस्टरमा सूचीकृत विज्ञ परामर्शदाताहरू गरी जम्मा ३५ जनाको सहभागिता रहेको थियो, जसमा २४ जना पुरूष र ११ जना महिला सहभागीहरू रहेका थिए।

स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेट एवम् लैङ्गिक नीतिको तर्जुमा सम्बन्धी आवश्यकता र औचित्यका बारेमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखिकरण गर्न, स्थानीय तहको बजेट तथा कार्यक्रमलाई लैङ्गिक उत्तरदायी बनाई कार्यान्वय गर्ने कार्ययोजना निर्माण गर्न स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखिकरण गर्न आवश्यक स्रोतव्यक्तिहरू तयार गर्ने उद्देश्यले यो प्रशिक्षण सञ्चालन गरिएको थियो।

## स्थानीय तहको लैससास परीक्षण (GESI Audit) सम्पन्न



सबै स्थानीय तहमा हरेक बर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण गरी समावेशी विकासलाई जोड दिने नीति अनुसार गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहमा लैससास परीक्षण गर्ने यस आ.व.को लक्ष्य अनुरूप विभिन्न स्थानीय तहमा लैससास परीक्षण सञ्चालन भइरहेको छ। यस चौमासिक अवधिमा जम्मा ११ वटा स्थानीय तहमा लैससास परीक्षण सम्पन्न भइसकेको छ र परीक्षण कार्यसँगै प्राप्त नतिजा र अवस्थाका आधारमा ती स्थानीय तहमा लैससास मूलप्रवाहीकरण सम्बन्धी सुधारको कार्ययोजना समेत तयार भएको छ। उल्लेखित स्थानीय तहमा भएको परीक्षणमा २०८ जना पुरूष र १४४ जना महिला गरी जम्मा ३५२ जना जनप्रतिनिधि र कर्मचारीहरूको सहभागिता रहेको थियो।

## विद्युतीय सेवा प्रवाह सम्बन्धी सफ्टवेयर तालिम सम्पन्न



गण्डकी प्रदेश अन्तर्गतका सबै ११ जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयका लागि विद्युतीय सेवा प्रवाह सम्बन्धी दुई दिने सफ्टवेयर तालिम कार्तिक ९ र १० गते पोखरामा सम्पन्न भएको छ। घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख तथा कम्प्युटर अपरेटरलाई लक्षित गरिएको उक्त तालिममा पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका कर्मचारीहरू गरी जम्मा २७ जनाको सहभागिता रहेको थियो। गत आ.व. मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक सहयोगमा प्रदेश सरकार, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्माण गरेको सफ्टवेयर जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरूमा सञ्चालनमा ल्याई विद्युतीय सेवा सञ्चालन गर्ने, गराउने उद्देश्यले यो तालिम सञ्चालन गरिएको थियो। उक्त तालिमको शुभारम्भ माननीय पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्माले गर्नु भएको थियो भने मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशका सचिव एवम् तथा स्थानीय शासन सहयोग कार्यक्रमका प्रदेश कार्यक्रम निर्देशक एवम् प्रदेश सचिव रामप्रसाद आचार्यले शुभकामना व्यक्त गर्नु भएको थियो।

## भौगोलिक सूचना प्रणाली (GIS) सम्बन्धी तालिम सम्पन्न

गण्डकी प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरूका लागि भौगोलिक सूचना प्रविधि सम्बन्धी ६ दिने तालिम असोज १५ गते पोखरामा सम्पन्न भयो । जम्मा ४१ स्थानीय तहका सूचना प्रविधि अधिकृत तथा कम्प्युटर अपरेटरहरूको सहभागिता रहेको उक्त तालिममा स्थानीय तहमा भौगोलिक सूचना प्रणालीको प्रयोग गरी विभिन्न किसिमका स्रोतनक्सा तयारी, प्रकाशन र अद्यावधिक गर्ने एवम् स्रोतनक्साको प्रयोग गरी स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन गर्न र सेवा प्रवाहलाई थप प्रभावकारी तथा जनउत्तरदायी बनाउन टेवा पुऱ्याउने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । गण्डकी प्रदेशका सबै ८५ स्थानीय तहका लागि लक्षित यस तालिममा गत वर्ष २६ स्थानीय तहका कर्मचारीहरू सहभागी भएका थिए । बाँकी ४१ स्थानीय तहका कर्मचारीहरूका लागि यस आ.व. मा २ समूहमा सञ्चालन गरिएको थियो ।

## विद्युतीय खरिद (e-GP) प्रणाली सम्बन्धी तालिम सम्पन्न



गण्डकी प्रदेश सरकारका मन्त्रालयहरू तथा प्रदेशस्तरका सार्वजनिक निकाय तथा कार्यालयहरूमा विद्युतीय खरिद (e-GP) कार्यमा संलग्न कर्मचारीहरूका लागि विद्युतीय खरिद सम्बन्धी ४ दिने तालिम कार्तिक १४ देखि १७ गतेसम्म पोखरामा सञ्चालन भएको थियो । निर्माण सेवा, परामर्श सेवा, वस्तु तथा अन्य सेवा खरिदमा विद्युतीय खरिद सम्बन्धी कार्यविधि अनुसार गर्नुपर्ने खरिद प्रक्रिया बारे अभ्यासमा आधारित भई तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा विभिन्न मन्त्रालय, निकाय र विभिन्न कार्यालयबाट एक-एक जनाका दरले जम्मा २३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो, जसमध्ये ३ जना महिला कर्मचारी रहेका थिए । तालिम प्रतिष्ठानले सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौँसँगको समन्वय तथा प्राविधिक सहयोगमा सञ्चालन गरेको थियो ।

## LISA सम्बन्धी भर्चुअल अभिमुखीकरण सम्पन्न



गत आ.व. मा संस्थागत क्षमता स्वमूल्याङ्कन नभएका १७ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूका लागि प्रतिष्ठानद्वारा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक एवं प्राविधिक सहयोगमा ३ दिने भर्चुअल अभिमुखिकरण यहि साउन ३१ देखि भदौ १ गते सम्म सञ्चालन भएको थियो । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) सम्बन्धी कार्यविधि, २०७७ अनुसार तोकिएको विधि, प्रक्रिया र सूचकमा आधारित भई समयमा नै स्वमूल्याङ्कन गर्न सहजता ल्याउने उद्देश्यले सञ्चालित यस अभिमुखिकरण पश्चात् अधिकांश स्थानीय तहले गत वर्षको स्वमूल्याङ्कन सम्पन्न गरी नतिजा सार्वजनिक समेत गरिसकेका छन् ।

## स्थानीय तहका लागि सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न



स्याङ्जा, कास्की, पर्वत, तनहुँ, लमजुङ, गोरखा र नवलपुर जिल्लाका स्थानीय तहका लेखा प्रमुख र इन्जिनियरहरूका लागि तीन दिने सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम कार्तिक १० देखि १२ गतेसम्म २ वटा समूह र १४ देखि १६ गतेसम्म थप २ वटा समूहमा प्रतिष्ठानको तालिम हलमा सम्पन्न भयो । तालिममा जम्मा १०६ जना कर्मचारीहरूको सहभागिता रहेको थियो, जसमध्ये ९५ पुरूष र बाँकी ११ जना महिला रहेका थिए । सार्वजनिक खरिद सम्बन्धी विद्यमान कानूनको पालना गरी स्थानीय तहमा हुने खरिद प्रक्रियालाई व्यवस्थित, पारदर्शी, व्यवहारिक बनाउन खरीद प्रक्रियामा सम्लग्न कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले सञ्चालित यस तालिममा नीतिगत व्यवस्थाका साथै स्थानीय तहमा खरिद सम्बन्धी विद्यमान समस्या तथा कमी कमजोरीका विषयमा केन्द्रित भई छलफल गर्नुका साथै अभ्यास एवम् खरिद व्यवस्थापनमा सुधार गर्न कार्ययोजना समेत तयार गरिएको थियो ।

## वातावरणमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षण सम्पन्न

वातावरणमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि प्रतिष्ठानद्वारा २ दिने प्रशिक्षण असोज ९ र १० गते पोखरामा आयोजना भएको थियो । वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूल, फोहरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन सम्बन्धी विद्यमान संवैधानिक, कानूनी तथा नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै जनसहभागितामा आधारित वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ अनुरूप स्थानीय तह मार्फत वातावरणमैत्री स्थानीय विकासको अवधारणालाई सार्थक पार्न र दीगो विकासको लक्ष्य हासिल गर्न टेवा पुऱ्याउने उद्देश्यले यो प्रशिक्षण आयोजना गरिएको थियो । यस कार्यक्रममा कास्की जिल्लाका सबै स्थानीय तहहरू र पृथ्वी राजमार्गमा पर्ने तनहुँ जिल्लाका ६ स्थानीय तह गरी जम्मा १० स्थानीय तहका महिला १२ र पुरूष १८ गरी कुल ३० जना जनप्रतिनिधि र कर्मचारी (प्रमुख/उपप्रमुख), प्रमुख प्रशासकीय अधिकृत र वातावरण शाखाका प्रमुखहरूको सहभागिता रहेको थियो ।



**विस्तृत जानकारीका लागि** :

फोनः +९७७-६१५२१०८२, ५२०१४६ इमेलः academy.gandaki@gmail.com वेभसाइटः www.gpta.org.np